नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, कोपुण्डोल, ललितपुर

# "सहकार्यमा आधारित साझेदारी कार्यक्रम"अन्तर्गत थोककर्जा लिन चाहने बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई जरूरी सूचना

सूचना प्रकाशित मिति :२०८०/७/२३

कोषले प्रदेश र स्थानीय तहसँग सहकार्यमा आधारित साझेदारी कार्यक्रम मार्फत स्वरोजगार सिर्जना गर्नको लागि मादी गाँउपालिका सँग कर्जा संझौता गरिसकेकोले उक्त नगरपालिका भित्र दर्ता भई संचालनमा रहेका थोक कर्जा लिई बेरोजगार युवालाई स्वरोजगार बनाउन इच्छुक बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरूले कोषको मापदण्ड अनुसार कागजात तयार गरी कर्जा प्रस्ताव फाराम भरी सूचना प्रकाशन भएको मितिले बढीमा ३५ दिनभित्र सम्वन्धित स्थानीय तहको कार्यालयमा कार्यालय समय भित्र कर्जा माग प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**१. कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पुरा गर्नुपर्ने मापदण्डहरू:**

(क) संस्थाको कार्यक्षेत्र, शेयर पुँजी, सदस्य सङ्ख्या र सञ्चालन अवधि

| क्र.सं. | कार्यक्षेत्र | पुँजी ( लाखमा) | सदस्य सङ्ख्या ( जना) | सञ्चालन अवधि (वर्ष) |
|---|---|---|---|---|
| १ | गाउँपालिका | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७९/८० मा नाफामा रहेको । |
| २ | गाँउपालिका उत्पादनमूलक | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७९/८० मा नाफामा रहेको । |

(ख) आ. व. ०७९/८० मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ % भन्दा कम भएको हुनुपर्नेछ ।

(ग) सञ्चालक समिति, लेखासमिति र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायीबसोवास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जा) हुनुपर्नेछ । संचालक समितिका सदस्य एवं पदाधिकारीहरु बसाई सरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको अस्थायी बसोबासको सिफारिस पेश गर्नुपर्नेछ ।

(घ) संस्थाले कार्यालय खोली नियमित रूपमा कार्यसञ्चालन गरेको हुनुपर्नेछ ।

(ङ) संस्थामा कम्तिमा १ जना नियुक्ती लिई काम गरेको कर्मचारी हुनुपर्नेछ ।

**२.संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू :**

(क) संस्थादर्ता प्रमाणपत्र, स्थायी लेखा नं., आ. व.२०७८/७९र आ. व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र र उद्देश्य वा कार्यमा ऋण लिने दिने स्पष्ट नीती उल्लेख भएको स्पष्ट विनियमको प्रतिलिपि ।

(ख) आ. व. २०७८/७९ र २०७९/८० को लेखापरीक्षण प्रतिवेदन (वासलात, नाफा-नोक्सान हिसाब, नगदप्रवाह विवरण,लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरू, पर्ल्स प्रतिवेदन र लङ्गफर्म),लेखापरीक्षकको संस्था दर्ता नवीकरण प्रमाणपत्र र भ्याट/प्यान दर्ताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ग) कोषको कर्जा प्रस्ताव फारम पूर्णरूपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

(घ) बैंक वित्तीय संस्था तथा सहकारी संस्थाले लेखापरीक्षकबाट कर्जा वर्गीकरण र भाखा नाघेको/ननाघेको ऋण प्रमाणित पत्र पेश गर्नुपर्नेछ ।

(ङ) बैंक वित्तीय संस्था तथा सहकारी संस्थाले साझेदारी कार्यक्रमकालागि सम्वन्धित स्थानीय तहले उक्त सहकारीसंस्थालाई थोककर्जा उपलब्ध गराउन उपयुक्त छ भनी गरेको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(च) सहकारी संस्थाको सञ्चालक समिति, लेखासमिति र कर्जा उप-समितिका पदाधिकारीहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(छ) संस्थाको आफ्नै घरजग्गा भए सोको लालपुर्जाको प्रतिलिपि ।

(ज) सञ्चालक,लेखा, कर्जा उप-समितिको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जा तथा उक्त जग्गाको चालु आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपी ।

(झ) समिति तथा उप समितिको पदाधिकारी एवं सदस्यहरूको आफ्नो नाममा घरजग्गा नभएमा एकाघर परिवारको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।

(ञ) देशभर आफ्नो वा एकाघर परिवारका सदस्यको नाममा समेत कुनै घरजग्गा नभएकाको हकमा जग्गा नभएको सम्वन्धित स्थानीय तहबाट स्वीकृत लिई बसोवास गरेको घरजग्गाको निस्सा ।

(ट) महिलाद्वारा संचालित सहकारी संस्थाको हकमा ५० % लालपुर्जा भएको मान्य हुनेछ अन्य संस्थाको संचालक समिति, लेखा समिति तथा कर्जा उप समितिका सदस्य संख्याको आधारमा कम्तिमा ८० % लालपुर्जा हुनुपर्नेछ । संस्थाको आफ्नै नामको जग्गा भएको, देशैभर जग्गा नभएको सिफारिसलाई समेत लालपुर्जा संख्याको रुपमा मानि प्रतिशत गणना गरिनेछ ।

(ठ) संस्थाको आफ्नो कार्यालय भवन नभएमा कार्यालय सञ्चालन भएको घर वहाल सम्झौता पत्र बहाल बेगर कार्यालय संचालन भएको भए सो को निस्सा ।

(ड) संस्थामा कार्यरत सबभन्दा बरिष्ठ कर्मचारीको नियुक्ती पत्र ।

**३.सहकारीका सञ्चालकसमिति,लेखासमिति र कर्जा उप-समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरू :**

(क) समितिका सदस्यहरूले आफ्नो संस्थाको कार्यक्षेत्रभित्र बसोवास गर्ने बेरोजगार तथा साना व्यवसायीहरूलाई शेयर सदस्य बनाई स्वरोजगार बनाउने प्रतिबद्धता सहितको स्वरोजगार कर्जा माग गर्ने निर्णय ।

(ख) "कोषको रकम पूर्ण रूपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न, संझौता अनुसार रकम फिर्ता नगरेमा संस्थाको जायजेथा, आफ्नो र एकाघरपरिवारका सदस्यको नाममा भएको चलअचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा,सञ्चालकसमिति, लेखासमिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरूलाई नेपाल सरकारबाट दिने सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, सरकारी धन मासेसरह कारवाही गर्नेलगायतका प्रचलित कानूनबमोजिम कारवाही गरी नेपाल सरकारको रकम असूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय ।

(ग) सहकारी संस्था एवम् सञ्चालक समिति, लेखासमिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरू बिगतमा कालोसूचीमा परे/नपरेको व्यहोराको स्व-घोषणाको निर्णय ।

(घ) सहकारी संस्था तथा सहकारी संस्थाको पदाधिकारी एवं सदस्यले बैंक/वित्तीयसंस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सम्वन्धित संस्थाबाट लिएको साख सूचना ।

(ङ) कर्जा नलिएको भएमा कर्जा नलिएको स्व-घोषणाको निर्णय ।

**४. कोषसँग पहिले कर्जा संभौता गरी सकेका सहकारी संस्थाहरुले पुनः कर्जा कारोवार गर्न चाहेको अबस्थमा संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरू :**

(क) यसअघि कर्जा लिई चुक्ता गरेका बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरुले कोषमा रकम चुक्ता गरेको स्टेटमेन्ट संलग्न गरी पूनः कर्जा प्रस्ताव पेश गर्न सक्नेछन् ।

(ख) कर्जा चुक्ता गर्दा ३ किस्ता भन्दा बढि भाखा नाघेको भएका प्रस्ताव पेश गर्न पाउने छैन ।

(ग) कर्जा प्रस्ताव फारम र सूचनाको बुँदा नं."१,२र३"मा उल्लेखित विवरणहरू अनिवार्य पेश गर्नुपर्नेछ ।

**५. प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जाको सीमाः**

पेश भएका प्रस्तावहरू कोषको नियमानुसार स्थलगत अनुगमन तथा निरीक्षण गरी सिफारिस पश्चात् कोषमा पेश हुने र कोषको कर्जा मूल्यांकन समितिबाट सिफारिस भई उपाध्यक्षले सदर गरेपछि लगानी प्रकृया अगाडि बढाइनेछ । "सहकार्यमा आधारित साझेदारी कार्यक्रम" सञ्चालन गर्ने सहकारी संस्थालाई बढीमा रू.१ करोड सम्म कर्जा संभौता गर्न सकिनेछ । पहिले कोष संग संभौता गरी थोक कर्जा लिई सकेको संस्थाको हकमा पहिले संभौता गरेको रकमको १५० % वा १ करोड जुन रकम कम हुन्छ सो बराबरको कर्जा संभौता गर्न सकिनेछ ।

मापदण्ड पूरा नगरेका संस्थाहरूको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ साथै कर्जा स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्णाधिकार कोषमा निहित रहनेछ । कर्जा प्रस्ताव फारम कोष सचिवालयको वेभसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**(पुनश्चः–उत्पादनमूलक सहकारी संस्था भन्नाले कृषि, पशुपंक्षीपालन, दुग्ध उत्पादन, माछापालन, मौरीपालन लगायतका विषयगत उत्पादन वा प्रशोधनमा सङ्लग्न सहकारी संस्थाहरूलाई सम्झनुपर्दछ ।)**